# प्रदेश राजपत्र

## प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

**खण्ड ३) बुटवल, रूपन्देही, जेठ १४ गते, २०७६ साल (अतिरिक्ताङ्क १७**


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. १५

# प्रदेश नं. ५, खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** खेलकूदको माध्यमबाट युवा, विद्यार्थी तथा आम नागरिकको शारीरिक तथा मानसिक विकास गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न र खेलकूद सम्बन्धी कार्यक्रम गर्दै व्यवसायिक प्रतिस्पर्धी खेलाडीको विकास गरी प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा प्रदेशको सार्थक सहभागिता एवं खेलकूद र खेल पर्यटनका माध्यमबाट दिगो शान्ति र समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश खेलकूद विकास ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः—

(क) **"परिषद्"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश खेलकूद परिषद् सम्झनु पर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) **"सदस्य"** भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षलाई समेत सम्झनु पर्छ ।

(घ) **"सदस्य-सचिव"** भन्नाले परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(ङ) **"खेलकूद विकास समिति"** भन्नाले दफा १३ बमोजिम गठित खेलकूद विकास समिति सम्झनु पर्छ ।

(च) **"खेलकूद सम्बन्धी संस्था"** भन्नाले दफा १५ बमोजिम दर्ता भएको संघ संस्था सम्झनु पर्छ।

(छ) "**तोकिएको वा तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "**मन्त्रालय**" भन्नाले प्रदेश नं. ५ मा खेलकूद सम्बन्धी कार्य हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद - २

## संस्थागत व्यवस्था

३. परिषद्को स्थापनाः (१) खेलकूदको विकास गर्नका लागि प्रदेश खेलकूद परिषद्को नामले एक परिषद्को स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने परिषद्मा देहायका सदस्यहरु रहनेछन्-

(क) मन्त्री सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा प्रदेशस्तरीय खेल जगतमा

प्रतिष्ठा आर्जन गरेका प्रदेश भित्रका कम्तिमा एक जना महिला खेलाडी सहित पर्ने गरी प्रदेश सरकारबाट मनोनित बढीमा पाँच जना -सदस्य

(घ) प्रत्येक जिल्लाबाट एक,एक जना पर्ने गरी प्रदेश सरकारले मनोनित गरेका बाह्र जना -सदस्य

(ङ) प्रदेश स्तरका खेलकूद सम्बन्धी संघ, संस्थाहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी अध्यक्षले मनोनित गरेका तीन जना -सदस्य

(च) प्रदेश भित्रका विश्व विद्यालयका खेलकूद तथा विद्यार्थी कल्याण सम्बन्धी कार्य हेर्ने प्रमुखहरु मध्येबाट सम्बन्धित विश्व विद्यालयले सिफारिस गरेका एक एक जनामध्ये परिषद्ले मनोनित गरेका दुईजना -सदस्य

(छ) युवा तथा खेलकूद महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय -सदस्य

(३) अध्यक्षले सदस्यहरु मध्येबाट परिषद्का सदस्य सचिव र कोषाध्यक्षको नियुक्ति गर्नेछ ।

(४) परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) परिषद्को प्रधान कार्यालय प्रदेशको राजधानी रहेको स्थानमा रहनेछ । सो कार्यालय स्थापना नभएसम्म मन्त्रालयको सम्बन्धित महाशाखाले यस ऐन वमोजिम प्रधान कार्यालयले गर्नुपर्ने सबै कार्यहरु गर्नेछ ।

४. **<u>परिषद्को संरक्षकः</u>** (१) मुख्यमन्त्री परिषद्को संरक्षक हुनेछ ।

(२) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्नेछ ।

५. **<u>निर्देशन पालना गर्नुपर्नेः</u>** संरक्षकले दिएको निर्देशन पालना गर्नु परिषद्को कर्तब्य हुनेछ ।

६. **<u>परिषद् स्वशासित संगठित संस्था हुनेः</u>** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेच-विखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद् उपर पनि सो नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

७. **<u>पदावधिः</u>** (१) मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः मनोनयन हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ३ को प्रकृया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा परिषद्को सिफारिशमा प्रदेश सरकारले निज सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) वमोजिमको कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाइको मौका दिइने छ ।

८. **<u>सदस्यको अयोग्यताः</u>** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) परिषद्मा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मानसिक सन्तुलन गुमाएको,

(च) पदेन सदस्य बाहेक अन्य सदस्य तीस वर्ष उमेर पूरा नभएको ।

९. **<u>सदस्यता समाप्त हुने अवस्थाः</u>** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

१०. <u>**परिषद्को बैठक र निर्णयः**</u> (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयको सचिवले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्को कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछन् ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका प्रमाणित गरी राख्नेछ ।

(८) यस दफामा लेखिएदेखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकूदको स्तरमा वृद्धि गर्न समय समयमा जिल्ला र प्रदेश स्तरमा खेलकूद प्रतियोगिताहरु संचालन गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकूदका प्रतियोगिताहरुको आयोजना गर्ने,

(ख) स्वदेश तथा विदेशमा आयोजना हुने खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, परिषद्का सदस्य तथा कर्मचारीलाई सिफारिस गर्ने,

(ग) प्रदेश सरकारलाई खेलकूद सम्बन्धी विषयमा सुझाव सल्लाह दिने,

(घ) खेलकूद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ङ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(च) खेलकूद सम्बन्धी स्तर बढाउन पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(छ) प्रदेशभित्र खेलकूदसंग सम्बन्धित पूर्वाधारहरुको निर्माण एवम् प्रयोगका लागि सहयोग र समन्वय गर्ने,

(ज) खेलकूदको उत्तरोत्तर विकासको लागि आवश्यकता अनुसार प्रदेशभित्र रंगशाला तथा खेलकूद मैदानको निर्माण गरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने,

(झ) खेलकूदको विकासको लागि प्रदेश, जिल्ला तथा स्थानीयतहमा खेलकूद विकास समिति गठन गर्ने,

(ञ) खेलकूद सम्बन्धी संघ संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

(ट) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिमका लागि सिफारिस गर्ने तर विदेशी प्रशिक्षक झिकाउँदा परिषद्ले प्रदेश सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ,

(ठ) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक स्वास्थ्य विमाको व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा अपाङ्गता भएका खेलाडीहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) खेलकूदको विकासको लागि खेलकूद सामग्रीहरु तथा अन्य आवश्यक व्यवस्था मिलाउने,

(त) विषयगत खेलहरुको वर्षिक क्यालेन्डर बनाई लागू गर्ने,

(थ) राष्ट्रियस्तरका क्रियाशील खेलाडीहरुलाई खेलकै कारणबाट अशक्त प्रमाणित भएमा प्रदेशभित्रका खेलाडीहरुलाई अशक्त वृत्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

१२. **समिति वा उपसमिति गठन गर्न सक्नेः** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्नको निमित्त आवश्यकतानुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

१३. **खेलकुद विकास समितिः** (१) खेलकूदको विकास र विस्तार गर्नको लागि परिषद्ले तोके बमोजिम प्रत्येक जिल्लामा जिल्ला खेलकूद विकास समिति, प्रत्येक स्थानीय तहमा स्थानीय कानून अनुसार खेलकूद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठित खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## खेलकुद सम्वन्धी संस्थाको दर्ता र संचालन

१४. **खेलकूद सम्बन्धी संस्थाको दर्ताः** (१) खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले परिषद्मा समेत दफा १५ बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्मा दर्ता नभएको खेलकूद सम्बन्धी संस्थाले प्रदेशभित्र खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्नसक्ने छैन ।

१५. **नाम दर्ताको लागि दरखास्त दिनु पर्नेः** (१) परिषद्को लगतमा नाम दर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई परिषद्मा नाम दर्ताको लागि दरखास्त दिनुपर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकूदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकूद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ ।

१६. **खेलकूद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्नेः** (१) दफा १५ बमोजिम नाम दर्ता गराउनका लागि खेलकूद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र परिषद्ले आवश्यक

जाँचबुझ गरी त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना परिषद्ले त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

(३) संस्थाको नाम दर्ता गर्नका लागि विद्युतीय माध्यमबाट पनि सोको निवेदन दिन सकिनेछ ।

१७. **हेरफेरको सूचना गर्नुपर्नेः** (१) यो ऐन बमोजिम परिषद्को लगतमा नाम दर्ता भएको खेलकूद सम्बन्धी संस्थाले दफा १५ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र परिषद्लाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा परिषद्ले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

१८. **खेलकूद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता, राख्नु पर्नेः** (१) खेलकूद सम्बन्धी संघसंस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता परिषद्ले तोकि दिएको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिलेसुकै पनि गराउन सक्नेछ ।

(३) परिषद्ले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

१९. <u>**परिषद्ले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः**</u> (१) परिषद्ले खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालन नगर्ने खेलकूद सम्बन्धी संस्था वा परिषद्ले तोकिदिएको ढाँचामा संस्थागत पारदर्शिता कायम राख्न आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने र वर्षमा कम्तीमा एउटा खेलकूद सम्बन्धी क्रियाकलाप संचालन नगर्ने संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद्ले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

२०. **<u>परिषद्को स्वीकृती लिनु पर्नेः</u>** (१) खेलकूद सम्बन्धी संस्थाले संघीय, अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा संघीय तथा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा प्रदेशमा हुने खेलकूद प्रतियोगिता वा संघीय तथा अन्तराष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न परिषद्को स्वीकृती लिनुपर्नेछ ।

## परिच्छेद - ४

## <u>परिषद्को कोष</u>

२१. **<u>परिषद्को कोषः</u>** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकूद सम्बन्धी प्रशिक्षण प्रदान गरे वापत लिने शुल्क,

(ग) खेलकूद प्रदर्शन गरी आर्जन भएको रकम,

घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(ङ) संघीय सरकार, अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत रकम प्राप्त गर्न परिषद्ले प्रदेश सरकारको पूर्व स्वीकृती लिनुपर्नेछ ।

(३) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(४) परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा अन्य कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्को कोषको रकम खर्च तथा खाता संचालन गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **सम्झौता गर्दा प्रदेश सरकारको स्वीकृती लिनु पर्ने:** (१) परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा संघीय सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकारको स्वीकृती लिनुपर्नेछ ।

२३. **लेखा र लेखा परीक्षण:** (१) परिषद्को आय व्ययको लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

(२) परिषद्को आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(३) प्रदेश सरकारले चाहेमा परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद - ५

## विविध

२४. **सदस्यहरुको भत्ताः** (१) सदस्यहरुले परिषद्को बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले परिषद्को काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

२५. **सदस्य-सचिवको पारिश्रमिक र भत्ताः** (१) सदस्य-सचिवले परिषद्मा पूरा समय काम गरे बापत तोकिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

(२) सदस्य-सचिवले भ्रमण गर्दा पाउने भ्रमण तथा दैनिक भत्ता तोकिए बमोजिम हुनेछ।

२६. **परिषद्को कर्मचारीः** (१) परिषद्ले आफ्नो कोषबाट खर्च व्यहोर्ने गरी तोकिए वमोजिमका कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त परिषद्का कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिम कर्मचारी नियुक्ति नहुन्जेलसम्मका लागि मन्त्रालयको कर्मचारीहरुलाई तोकी काम लगाउन सक्नेछ ।

२७. **कर्मचारीको संघः** परिषद्का तोकिएका श्रेणीका प्राविधिक, प्रशासनिक र श्रेणीविहिन कर्मचारीले प्रचलित कानून अनुसार तोकिए बमोजिम पेशागत संघ संस्था गठन गर्न सक्नेछन् ।

२८. **अधिकार प्रत्यायोजनः** परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये सबै वा केही अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य-सचिव, कोषाध्यक्ष, सदस्य वा परिषद्का कुनै कर्मचारी वा समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **प्रदेश सरकारले निर्देशन दिनसक्नेः** (१) प्रदेश सरकार र मन्त्रालयले खेलकूदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकार र मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

३०. **आचार संहिता पालना गर्नुपर्नेः** दफा १४ वमोजिम दर्ता भएका संघसंस्थाहरु, खेलाडी, खेल प्रशिक्षक एवम् कर्मचारीहरुले तोकिए वमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

३१. **सजायः** (१) पदेन सदस्य बाहेकका सदस्यले यो ऐनको वर्खिलाप हुने काम गरेमा निजलाई सो पदबाट हटाई निजबाट कुनै हानी नोक्सानी भएको रहेछ भने त्यस्तो नोक्सानीको विगो भराउने गरी मन्त्रालयले आदेश गर्न सक्नेछ । साथै, नोक्सानी भराउने गरी तोकिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२) परिषद्को कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ परिषद्लाई हानी नोक्सानी पुऱ्याएमा निजबाट बिगो असूल गरी निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) परिषद्को कुनै कर्मचारीले परिषद्को लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको काम काजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा वा परिषद्का अन्य काम कारवाहीमा बाधा पुऱ्याएमा त्यस्तो कर्मचारीलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक परिषद्को कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

३२. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिका लागि परिषद्ले आवश्यक नियमहरु बनाई प्रदेश सरकारको स्वीकृती पश्चात लागू गर्न सक्नेछ ।

३३. **प्रदेश सरकार सँग सम्पर्कः** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ ।

३४. **बचाउः** यो ऐन वन्नु पूर्व भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७६/०२/१४

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय